पुर्वीचौकी गाउँपालिका

सुदूरपश्चिम प्रदेश,सानागाउँ डोटी

# पुर्वीचौकी राजपत्र

खण्ड: १ संख्या: १० मिति: २०७६/३/१०

भाग–१

पूर्वीचौकी गाउँपालिका

नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँ सभा लाई संविधानको अनुसुची ८ र अनुसुची ९ बमोजिम अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाउन सक्ने प्रावधान अन्तर्गत पूर्वीचौकी गाउँसभाले बनाएको विनियोजन ऐन २०७६ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएकोछ ।

# पूर्वीचौकी गाउँपालिका

## गाउँकार्यपालिकको कार्यालय

## सानागाउँ,डोटी

## विनियोजन ऐन

**पुर्वीचौकी गाउँपालिका, सानागाउँ, डोटीको आर्थिक बर्ष २०७६/०७७को सेवा र कार्यहरुको लागि स्थानीय संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन २०७६**

**सभाबाट स्वीकृत मिति : २०७६/०३/१०**

**प्रस्तावना** : पूर्वीचौकी गाउँपालिका, सानागाउँ डोटीको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागिसंचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बान्छनीय भएकोले ,नेपालको संबिधानको २०७२ को धारा २२९ को उपधारा (२) बमोजिम पुर्वीचौकी गाउँपालिका सानागाउँ, डोटी को गाउँसभाले यो ऐन बनाएको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम पुर्वीचौकी गाउँपालिका सानागाउँ , डोटीको विनियोजन ऐन २०७६ रहेको छ ।

२ ) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

आर्थिक बर्ष २०७६/०७७ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने **अधिकार** : (१) आर्थिक बर्ष २०७६ को निमित्त गाउँकार्यपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च , पुजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरि जम्मा रकम १९१०४७०००। ( अक्षरेपीमा उन्नाईस करोड दश लाख सत्चालिस हजार रुपया मात्र) मा नबढाई निर्दिष्ट गरिए वमोजिम संचित कोषबाट खर्च गर्न सकिनेछ ।

३) विनियोजन : (१) यस ऐनद्वारा संचित कोषबाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक वर्ष २०७६/०७७ को निमित्त पुर्वीचौकी गाउँपालिका, सानागाउँ, डोटीको गाउँ कार्यपालिका, वडा समिति र

विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त बिनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त बिनियोजन गरेको रकम मध्ये कुनै मा बचत हुने र कुनै मा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा सार्न सक्नेछ । यसरी सार्दा तथा निकासा र खर्च जनाउन सकिनेछ । पूजिगत र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र बित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजन रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूजीगत खर्च र वित्तिय व्यवस्था खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनी एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृत लिनुपर्नेछ ।